# न्याय परिषद सचिवालयद्वारा जारी गरिएको प्रेस विज्ञप्ती

केही समाचार माध्यमहरुमा हाल न्याय परिषदद्वारा उच्च अदालतको न्यायाधीश पदमा नियुक्तिका लागि सिफारिसमा पर्नुभएका केही जिल्ला न्यायाधीशहरुका बारेमा दोषीलाई न्यायाधीश नियुक्तिका लागि सिफारिस गरिएको भन्ने आशयको समाचार प्रकाशित भएकोमा यस सचिवालयको गम्भीर रुपमा ध्यानाकर्षण भएको छ । मिति २०७५।१२।१९ गतेमा भएको न्याय परिषदको निर्णयमा उच्च अदालतको न्यायाधीश पदमा नियुक्तिका लागि सिफारिसमा पर्नु भएका जिल्ला न्यायाधीशका विरुद्धमा न्याय परिषदमा परेका उजुरीहरुका सम्बन्धमा निजहरुको सिफारिस हुनुपूर्व नै छानबिन भई तामेलीमा राख्ने गरी निर्णय भईसकेको व्यहोरा सबैलाई जानकारी गराउन चाहन्छु । साथै न्यायाधीश र न्याय परिषदका बारेमा कुनै समाचार, लेख प्रकाशन गर्नुपूर्व न्याय परिषद सचिवालयमा सम्पर्क गरी सत्य तथ्य एकिन गरेर मात्र समाचार प्रकाशित गर्न हुन सबैमा अनुरोध छ।

मितिः २०७५।१२।२१ गते ।

मानबहादुर कार्की
सह-सचिव
न्याय परिषद सचिवालय

सह-सचिव